जि.प्र.का.का.द.नं. ३२०-०५७/०५८

मानवअधिकार एलाइन्स
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
Human Rights Alliance
National Alliance for Human Rights and Social Justice, Nepal

मिति २०६९/६/१९

प्रेस विज्ञप्ति

**मानवअधिकार उल्लङ्घनको गम्भीर आरोप लागेका व्यक्तिलाई प्रोत्साहन दिने सरकारको निर्णय प्रति घोर भर्त्सना ।**

नेपाल सरकारले सशस्त्र द्वन्द्वका बेला भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका मुद्दाहरु सम्बोधन गर्न असफल भएको अर्को निराशाजनक तथ्य प्रति सिंगो मानवअधिकार समुदाय चिन्तित भएको छ । मन्त्रिपरिषद्को असोज १८ को बैठकले मानवअधिकार उल्लङ्घनको गम्भीर आरोप लागेका महासेनानी राजु बस्नेतलाई सहायक रथी पदमा बढुवा गर्ने निर्णय गरेकोमा मानवअधिकार एलाइन्सको गम्भीर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोग र ओएचसिएचआरको प्रतिवेदन अनुसार निज बस्नेतको नेतृत्वमा भैरवनाथ गण रहेका ४९ जना बन्दीहरुलाई चरम यातना दिई बेपत्ता बनाउने कार्यमा मुख्य भुमिका खेलेका थिए ।

यसै गरी सरकारले २००५ मा अर्जुन लामाको अपहरण पछि हत्यामा संलग्न माओवादी नेता द्धय अग्नि सापकोटा र सूर्यमान दोङ्गको मुद्दा फिर्ता लिने निर्णय गरेको थियो । नेपाल, नागरिक तथा राजनीतिक अन्तराष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएकोले राज्यद्वारा पीडित भएका व्यक्तिहरुलाई उचित क्षतिपूर्ति र न्याय दिन बाध्य हुनेछ भन्ने कुरा नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छौं । विगतमा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका दोषिहरुलाई सामान्य रुपमा मुद्दा फिर्ता लिनेकार्यले दण्डहीनतालाई प्रशय दिने भएकाले यस किसीमका अपराधहरुलाई न्यायीक आयोग बाट मात्र छिनाफानो गर्न एक मात्र विश्वसनिय मापडण्ड हो ।

द्वन्द्वको समयमा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनमा संलग्न दोषीहरु राज्य पक्ष, गैर राज्य र राजनीतिक कार्यकर्ता जो कोही भएता पनि उनीहरुलाई न्यायको कठघरामा उभ्याउन जोडदार माग गर्दछौ ।

गणेश वि.के.

अध्यक्ष

Thapagaon, New Baneshwor, P.O.Box: 9993, Kathmandu, Nepal, Phone/Fax: 4464192,
E-mail: alliance.humanrights@gmail.com, Website: www.hrallaince.org.np